**प्रसौनी गाउँपालिका**

**प्रसौनी, बारा**

# स्थानीय राजपत्र

**खण्ड ६** **संख्या १** **मिति २०८०।०३।३०**

भाग-२

## प्रसौनी गाउँपालिका

# कृषि विद्युत महसुलमा अनुदान भुक्तानी दिने सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावनाः गाउँपालिकाको भौगोलिक क्षेत्र भित्रका खेती योग्य जमिनमा बाह्रै मास सिंचाईको सुनिश्चितता प्रदान गर्दै वर्षमा तीन वालि उत्पादन हुने अवस्थाको सृजना गरी कम लागतमा कृषकहरुको आम्दानी वृद्धि गर्न कृषकहरुलाई निःशुल्क सिंचाईको व्यवस्था गर्ने गाउँपालिकाको निति रहेको छ। कृषकहरुलाई निःशुल्क सिंचाईको व्यवस्था गर्ने गाउँपालिकाको निति अनुरुप प्रसौनी गाउँपालिकाको आ.व.२०८०/०८१ को नितिगत विकास कार्यक्रम अर्न्तगत विद्युतिय मोटरवाट सिंचाई गर्ने कृषकहरुलाई कृषि विद्युत महशुलमा सतप्रतिशत अनुदान दिने सम्बन्धी कार्यक्रम संचालन गर्न वान्छनीय भएकोले, प्रसौनी गाउँपालिका तेह्रौ गाउँसभाको मिति २०८०।०३।३० गतेको बैठकले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “कृषि विद्युत महशुलमा अनुदान भुक्तानी दिने सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि प्रसौनी गाउँपालिका गाउँसभाको बैठकले स्वीकृत गरे पछि लागु हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “बालि” भन्नाले धान, गहु, मकै, उखु, दलहन, तेलहन, तरकारी, मसला, फलफुल माछापालन लगाएतका अन्य सबै प्रकारका कृषि वालिहरुलाई सम्झनुपर्छ ।

ख) "कृषि” भन्नाले खाद्यन्न वालि, बागबानी जन्य : फलफुल, तरकारी, मसला वालि, पुष्प, घाँसे वाली, दलहन, तेलहन बाली, कपास, जुट, उखु, माछापालनलाई सम्झनुपर्छ ।

ग) “कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यवसायिक कृषि खेती गर्ने वा माछा पालन गर्ने कृपक वा किसान, कृपक समुह, कृषि सहकारी, कृषि व्यवसायी, कृषि फर्म समेतलाई सम्झनुपर्छ ।

घ) “विद्युत महसुल" भन्नाले कृषि विद्युत मिटर बमोजिम विद्युत खपत भएकोमा लाग्ने महसुल वापत तिर्नुपर्ने चार्ज रकमलाई सम्झनुपर्छ ।

ङ) “कार्यक्रम" भन्नाले कृषि विद्युत महसुलमा अनुदान भुक्तानी दिने सम्बन्धी कार्यक्रम सम्झनु पर्छ ।

च) "गाउँपालिका" भन्नाले प्रसौनी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

छ) “कृषि शाखा" भन्नाले प्रसौनी गाउँपालिकाको कृषि शाखालाई सम्झनुपर्छ ।

**३. कार्यक्रम सञ्चालनको उद्देश्य :-** यस कार्यक्रम सञ्चालनको उद्देश्य देहाय अनुसार हुनेछ ।

क) कृषकहरुलाई सिंचाईका लागि कृषि विद्युत मिटर जडान गर्न प्रोत्साहित गर्ने ।

ख) कृषि वालिको लागि आवश्यक सिंचाई व्यवस्थापनमा सहयोग पुर्‍याउने

ग) कृषि व्यवसायमा आर्कषण बढाउने र बाह्रै महिना सिंचाईको सुनिश्चितताको लागि सहयोग पुर्याउने ।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रक्रिया

३. **कार्यक्रम कार्यान्वयन :** यस कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम हुनेछ ।

क) यस कार्यक्रम संचालनको लागि गाउँपालिकामा एक कृषि शाखा रहनेछ ।

ख) कृषकहरुले कृषि विद्युत मिटरमा उठेको विद्युत महशुलको अनुदानका लागि अनुसूची १ बमोजिमको ढाँचामा कृषि शाखामा निवेदन दिनु पर्नेछ ।

ग) कृषकहरुले अनुदान माग गर्दा चालु आ.व भित्र कृषि विद्युत महशुल उठेको विल गाउँपालिकाको सुचना बमोजिमको समयावधिमा कृषि शाखामा पेश गर्नुपर्नेछ ।

घ) कृषि विद्युत मिटर बमोजिम खपत गरेको विद्युत यूनिटको आधारमा जरिवाना बाहेकको महसुल सतप्रतिशत १००%, अनुदान मासिक रुपमा प्रशासकिय निर्णय अनुसार सम्बन्धीत कार्यालयलाई एकमुष्ट उपलब्ध गराइनेछ ।

ङ) चालु आ. व. भन्दा पहिलेनै कृषि विद्युत मिटर जडान गरि सकेका कृषकहरुले समेत विधुत महसुलमा आ.व.२०८०/०८१ देखी अनुदान माग गर्न सक्नेछन ।

च) गाउँपालिका तथा कृषि शाखाले कृषि विद्युत महसुलमा अनुदान माग गर्ने कृषकहरुले जडान गरेको कृषि विद्युत मिटर र खपतको अवस्थाको अनुगमन गर्न सक्नेछन ।

४. **भुक्तानी प्रक्रिया :** यस कार्यक्रमको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकाले कृषि विद्युत महसुल अनुदान माग गरी निवेदन पेश गरे अनुसारको अनुदान वापतको रकम प्रशासकीय निर्णय अनुसार भुक्तानी दिईनेछ ।

ख) चालु आ.व.मा खपत भएको विद्युत महशुलमा अनुदान भुक्तानी गरिनेछ ।

ग) कृषि विद्युत महसुलमा अनुदान भुक्तानी गर्दा नेपाल विद्युत प्रधिकरणलाई जरिवाना तिरेको रकम बाहेकको रकममा मात्र भुक्तानी गरिनेछ ।

घ) कृषि विद्युत महसुलमा अनुदान रकम पाएपछि कृषकले सो मिटरमा प्रसौनी गाउँपालिकाबाट १००% विद्युत महसुल अनुदान प्राप्त गरिएको भनि पम्प हाउसमा लेख्नु पर्नेछ ।

## परिच्छेद ३
## अनुगमन तथा मूल्याङकन

५. यस कार्यविधि अनुसार संचालित कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन देहाय अनुसार हुनेछ ।

क० कृषि विद्युत महसुलमा अनुदान भुक्तानी दिने सम्वन्धी कार्यक्रमको प्रभावकारीताको अनुगमन गर्न तपसिल बमोजिमको अनुगमन समिति रहनेछ ।

**तपसिल**

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. कार्यपालिका सदस्य मध्येबाट संयोजकले तोकेको १ जना | सदस्य |
| ङ। कृषि शाखा प्रमुख | सदस्य– सचिव |

ख) कार्यक्रमको फिल्ड अनुगमन तथा बैठक व्यवस्थापन आदि कार्यहरुको लागि आवश्यक बजेट कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

६. **दोहोरो सुविधा लिन नपाउने :** प्रस्तावित अनुदान कार्यक्रमको लागि अन्य कुनै निकाय वा संस्था वा बैंकवाट सोहि प्रयोजनका निमित्त अनुदान प्राप्त गरेको पाईएमा यस कार्यक्रममा समावेश हुन पाउने छैन वा दाहोरो सुविधा लिन पाउने छैन । यस विपरित हुने गरि कुनै अनुदान लिएको पाईएमा त्यस्तो दोहोरो परेको बराबर रकम असुल उपर गरिनेछ र सम्बन्धीत कृषि विद्युत महसुल अनुदान दुई वर्षसम्म सुविधा लिनवाट वञ्चित गरिनेछ ।

७. कानुन बमोजिम हुने यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य यस संग सम्बन्धीत विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ४
## संशोधन तथा हेरफेर

८। यस कार्यविधिमा संशोधन तथा हेरफेर गर्न आवश्यक ठानेमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

अनुसूची–१

दफा २.१ को खण्ड (ख) संग सम्वन्धीत

कृषि विद्युत महसुल अनुदान माग गर्ने निवेदनको ढाँचा

मिति....................................

**श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू**
**प्रसौनी गाउँपालिकाको कार्यालय**
**प्रसौनी, बारा ।**

**विषयः कृषि विद्युत महसुल भुक्तानी गरिदिने बारे ।**

महोदय,

प्रस्तुत विषयमा प्रसौनी गाउँपालिकाबाट मिति २०८०.........../................../ मा सूचना भए अनुसार "कृषि विद्युत महसुलमा अनुदान भुक्तानी दिने सम्वन्धी कार्यविधि, २०८०" को दफा २.१ को खण्ड (ख) र (ग) बमोजिम मिति.............................................ग्राहक नं ......................................को कृषि विद्युत मिटरमा उठेको महसुल जम्मा रकम रु........................................................। (अक्षरेपी...............................................................) बराबर अनुदान रकम नेपाल विद्युत प्राधिकरण कलैया शाखामा भुक्तानी गरिदिनुहुन अनुरोध गर्दछु ।

**संलगन कागजातहरुः**

नागरिकताको छाँयाँ प्रति १ थान
जग्गा धनी प्रमाणपत्र पुर्जाको छायाँ प्रति १ थान
विद्युत महसुल तिरेको रसीद सक्कल

**निवेदकको**
हस्ताक्षरः
नामः
ठेगानाः
मोवाईल नंः
समुह भए छाँपः

गाउँसभाबाट पारित मितिः २०८०।०३।३०
प्रमाणिकरण मिति : २०८०।०३।३०

आज्ञाले
सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत